# लिम्चुङबुङ गाउँपालिकाको बाल अधिकार संरक्षण तथा संम्वर्द्धन तथा संम्वर्धन कार्यविधि, २०७९

**प्रस्तावना :**

बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बाल अधिकारको सम्मान, पालना संम्वर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानुनहरु तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको भाग १८, धारा २२६, स्थानीय सरकार संचालन ऐनको परिच्छेद १५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी लिम्चुङबुङ गाउँपालिकाको गाउँ सभाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम लिम्चुङबुङ गाउँपालिका बाल अधिकार संरक्षण तथा संम्बर्द्धन कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"प्रमुख"** भन्नाले लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) **"उपप्रमुख"** भन्नाले लिम्चुङबुङ गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले संविधान बमोजिम स्थापना भएको लिम्चुङबुङ गाउँपालिका सम्झनुपर्छ ।

(घ) **"गाउँसभा"** भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको लिम्चुङबुङ गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ ।

(ङ) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ र बालबलिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(च) **"कार्यविधि"** भन्नाले बालअधिकार संरक्षण संचालन तथा संम्वर्द्धन कार्यविधि, २०७५ सम्झनुपर्दछ ।

(छ) **"परिषद"** भन्नाले ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनुपर्छ ।

(ज) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेश सामाजिक विकास मन्त्रालय भन्ने सम्झनुपर्छ ।

(झ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम लिम्चुङबुङ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्दछ ।

(ञ) **"बाल कल्याण अधिकारी"** भन्नाले ऐनको दफा ६१ बमोजिमको अधिकारी सम्झनुपर्छ ।

(ट) **"बाल गृह"** भन्नाले भन्नाले ऐनको दफा ५२ बमोजिम स्थापना भएको बालगृह सम्झनुपर्छ ।

(ठ) **"बालक्लब वा बाल संस्था"** भन्नाले बाल अधिकारको संरक्षणको तथा प्रवर्धनका लागि १८ वर्षसम्मका बालबालिकाले ऐनको दफा १० को आधारमा नियमावलीमा व्यवस्था भए अनुसार वा यस कार्यविधि बमोजिम लिम्चुङबुङ गाउँपालिकामा दर्ता गरेको बालक्लब वा बाल संस्था सम्झनुपर्छ ।

(ड) **"बाल कोष"** भन्नाले जोखिममा परेको तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल राहत, पर्नस्थापना, क्षतिपूर्ति प्रदान तथा छात्रवृत्तिको लागि कार्यविधिको दफा २८ बमोजिम लिम्चुङबुङ गाउँपालिकामा स्थापना गरिएको बालकोष सम्झनुपर्छ ।

(ढ) **"बालबालिका"** भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनुपर्छ ।

(ण) **"बाल संजाल"** भन्नाले लिम्चुङबुङ गाउँपालिका तथा वडा स्तरमा गठन भएका बालबालिका तथा बाल क्लवहरुको संजाल सम्झनुपर्छ ।

(त) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ ।

(द) **"समाजसेवी वा मनोविज्ञ"** भन्नाले ऐनको दफा ६२ बमोजिम लिम्चुङबुङ गाउँपालिकामा नियुक्त समाजसेवी, बालमनोविज्ञ एवं सामाजिक कार्य तथा मनोविज्ञ सम्बन्धमा तालिम प्राप्त गरी लिम्चुङबुङ गाउँपालिकामा बालबालकालाई सेवा दिने उदेश्यले सुचिकृत व्यक्ति एवं सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचिकृत संस्थालाई समेत सम्झनु पर्छ ।

(ध) **"बाल अधिकार समिति"** भन्नाले ऐनको दफा ६० बमोजिम लिम्चुङबुङ गाउँपालिकामा गठित बाल अधिकार समिति सम्झनु पर्छ ।

(न) **"संस्था"** भन्नाले बाल अधिकार संरक्षण र संवर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई कार्यक्रम संचालन गरिरहेको संघ/संस्था, संगठन, तथा सामुदायिक संस्थाहरुलाई सम्झनुपर्छ ।

(प) **"सेवा प्रदायक निकाय"** भन्नाले लिम्चुङबुङ गाउँपालिकामा सेवा प्रवाह गरिरहेको सरकारी कार्यालय, विषयगत शाखा, स्वास्थ्य चौकी, ईलाका प्रहरी कार्यालय, विद्यालय तथा अन्य निकायहरुलाई सम्झनुपर्छ ।

## परिच्छेद - २
## उदेश्य तथा सिद्धान्त

**३. उदेश्य : यस कार्यविधिको उदेश्य देहायबमोजिमको रहेका छन् :-**

(क) नेपालको संविधानमा उल्लेखित बालबालिकाको अधिकार तथा बालबालिका सम्बन्धी संघिय ऐन, प्रदेश ऐन एवम् लिम्चुङबुङ गाउँपालिकामा बालबालकाको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने,

(ख) लिम्चुङबुङ गाउँपालिकामा बालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्वन तथा प्रवर्द्धन गर्ने ।

(ग) बालबालिकामाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षिय समन्वय तथा सहकार्य स्थापित गर्ने ।

(घ) बालमैत्री स्थानीय शासन र विद्यालय शान्ति क्षेत्र अभियान प्रवर्द्धन गर्न ।

(ङ) बालबालिकासँग सरोकार राख्ने स्थानीय विकासका हरेक प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

(च) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सुचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्न ।

**४. आधारभुत सिद्धान्त** : बालबालिकाको मूलभुत मानवअधिकार तथा संरक्षणको लागि देहायका सिद्धान्तहरुलाई अवलम्वन गरिनेछ ।

**(क) मर्यादापूर्ण जीवनको सम्मान :** बालबलिकालाई स्वतन्त्र व्यक्तिको हैसियतको प्रतिष्ठा तथा मर्यादामा आघात नपर्ने गरी व्यवहार गर्ने र तिनको स्वतन्त्र पहिचानलाई तिनका बाबुआमा, संरक्षकहरु सँग अन्तरभूत विषयको रुपमा व्यवहार नगर्ने ।

**(ख) सर्वाङ्गीण विकासको सुनिश्चितता :** प्रत्येक बालबालिकामा रहेका प्रतिभा, क्षमता र सम्भाव्यतालाई पूर्ण प्रस्फुटन हुन पाउने अवसर उपलब्ध गराउन तिनको विकासको अधिकारलाई प्रचलनमा ल्याउन हरसम्भव प्रयास गर्ने ।

(ग) **सहभागिता र अभिमतको सम्मान** : बालबालिकासँग सम्बन्धित विषयहरुमा गरिने कुनै पनि कार्यक्रम वा क्रियाकलापमा मूलतः आवश्यकताको पहिचान, योजना तथा कार्यक्रम तर्जुमा, अनुगमन, मूल्यांकन लगायतका कार्यक्रममा बालबालिकाको सहभागितालाई प्रोत्साहन गरी उनीहरुका भावना अभिमत र विचार प्रकट गर्ने अवसर दिई सोको सम्मान गर्ने ।

(घ) **संरक्षणको सुनिश्चितता** : प्रत्येक बालबालिकालाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, सामाजिक, शारिरीक तथा यौनशोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहारबाट जोगाई संरक्षणको सुनिश्तिता गर्ने ।

(ङ) **निर्विभेदता** : प्रत्येक बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको वर्ण जातजाति, लिंग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, क्षेत्र, सम्पत्ति, फरक क्षमता वा अपांगता, जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव र भेदभावरहीत रुपमा तिनको उमेर सुहाउँदो व्यवहार गर्ने ।

(च) **बालबालिकाको सर्वोत्तम हित** : बालबालिकासँग सम्बन्धित कुनै निर्णय गर्नुपर्दा उसको सर्वोत्तम हितलाई प्राथकिता दिने ।

(छ) **गोपनियता कायम गरिने** : बालबालिकाको भावी जीवनमा असर पर्ने कुनै पनि घटनामा बालबालिकाको नामसहित व्यक्तिगत पहिचानसम्बन्धी विवरणमा सम्बन्धित बालबालिका, निजका बाबुआमा, परिवारका सदस्य वा संरक्षक र कानून बमोजिम अख्तियारप्राप्त अधिकारी बाहेक अन्यको पहुँचमा गोपनियता कायम गरिनेछ । तर व्यक्तिगत पहिचान नखुल्ने बालबालिकाको एकिकृत तथ्यांकको रुपमा बालबालिका सम्बन्धी विविधीकृत तथ्यांक सरोकारवाललाई गाउँपालिकाबाट प्राप्त हुनेछ ।

## परिच्छेद ३

## बाल अधिकारको संरक्षण, प्रचलन तथा संवर्द्धन गर्ने र दायित्व निर्वाहको व्यवस्था

४. लिम्चुङबुङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरुको संरक्षण प्रचलन तथा संवर्द्धनका लागि ऐनको दफा ६४ र ६५ बालबालिकाप्रतिको दायित्व निर्वाह गर्न दफा १७, १८ र १९ एवम् बालबीलकाको कर्तव्य परिपालनका लागि दफा ७७ बमोजिम गर्न गराउन सक्नेछ ।

**५. बाल अधिकारको संरक्षण र संवर्द्धनमा आवश्यक सेवाप्रवाहको व्यवस्था गर्नुपर्ने :**

(क) लिम्चुङबुङ गाउँपालिका तहभित्रका सबै किसिमका जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकार सुनिश्तिताका लागि सरल र उपयुक्त उपायहरु अपनाईनेछ ।

(ख) गर्भवती, सुत्केरी, नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरु स्वास्थ्य सेवा, सम्बन्धित सबै किसिमका सेवासुविधा र प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको पटके वा आवधिक अनुगमन गर्ने गराउने कार्यहरु गरी कानून र नीति बमोजिम बालबालिकाको अधारभूत स्वास्थ्य सेवा पाउने अधिकार सुनिश्चित गर्ने व्यवस्था गर्नेछ ।

(ग) गाउँपालिका तहभित्र संचालनमा रहेका निजी स्वस्थ्य संस्थाहरुलाई बालबालिकाको स्वास्थ्य उपचारमा सहुलियतको व्यवस्थाका लागि पहल गर्नेछ ।

(घ) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक स)रचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबेरा सहित) कुनै पनि किसिमका बालबालिकाको विरुद्ध विभेद, अवहेलना, हेपाई, हिंसा दुर्व्यवहार जस्ता कार्यहरु निषेध, पत्रुखाना निषेध, शैक्षिक गतिविधि बाहेकका त्रियाकलाप गर्न निषेध, शैक्षिक गतिविधि बाहेकका त्रियाकलाप गर्न निषेध लगायतका लैंगिकमैत्री शौचालय पर्याप्त खानेपानी र सरसफाई महिलावारी प्याड तथा प्रारम्भिक उपचार बाकस। नियमित र बालमैत्री पठनपाठन, खेल मैदान र सबै किसिमका विद्यार्थीहरुलाई खेलकुद र सामानको व्यवस्था गर्ने गराउनेछ ।

(ङ) लिम्चुङबुङ गाउँपालिका तहभित्रका सबै किसिमका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गर्ने गराईनेछ ।

(च) प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने विविध किसिमका छात्रवृत्तिहरुको यथोचित वितरण र सोको अनुगमन गरिनेछ ।

(छ) गाउँपालिका तह र वडामा एक बाल पुस्तकालय, बाल सिर्जना केन्द्र र खेलकुद स्थान वा मैदानको व्यवस्था गरिनेछ ।

(ज) कुनै पनि विद्यालयको २०० मिटरको दूरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामाग्री प्रचारप्रसार गर्न लगायत १८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई उक्त सामाग्रीको वितरण तथा प्रयोग गर्न निषेध गर्नेछ ।

(झ) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत सरोकारवालाको लागि आचरसंहिता बनाई सहज देखिने गरी राख्ने र सो बमोजिम लागू गरिनेछ ।

(ञ) बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यहार, हेपाई अपहेलना लगायत बालविवाह, बालश्रमका घटनाहरु रोकथाम र अन्य गर्न बाबुआमा विहिन र जोखिम अवस्थामा परेका (आधारभूत अधिकारबाट बन्चित, एड्सबाट संक्रमित र प्रभावित आदि) बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत थहमा बाल संरक्षरण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि स्थानीय तहले सहजीकरण गर्नेछ ।

(ट) गाउँपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा बालअधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ ।

(ठ) गाउँपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा बाल सहभागीतालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

(ड) जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन नं. १०९८ तथा हराएका, वेवारिसे फेला परेका बालबालिकाको सकुशल उद्धार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ सँग समन्वय तथा सहकार्य गरिनेछ ।

(ढ) बालबालिकालाई लिंग, जातजाति, रंग पारिवारिक हैसियत तथा शारिरीक र यौनिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरिनेछ ।

(ण) आफ्नो पालिका तहभित्रका सबै किसिमका बालबालिकाको जनसांख्यिक, जातजाति, लैंगिक, अपांगता, शैक्षिक छात्रवृति, सामाजिक सुरक्षा सहयोग, बाबुआमा विहिन, जोखिम अवस्थामा परेका, स्वास्थ्य र पोषण, एचआईभी प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

(त) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनिति तथा कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम बालमैत्री स्थानीय तह घोषणा गर्न प्रयास गरिनेछ ।

**६. बालबालकाको सर्वोत्तम हित कायम गर्नुपर्ने :** गाउँपालिकाले प्रत्येक निकाय, बालकल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

**७. बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता** : बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने लिम्चुङबुङ गाउँपालिका तह भित्रका सबै सार्वजनिक निकाय, सामाजिक, संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी पालिकाले आवश्यक व्यवस्था मिलाउनु र आवधिक अनुगमन गर्नु पर्नेछ ।

**८. बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध** : (१) लिम्चुङबुङ गाउँपालिकाको आफ्नो भौगोलिक क्षेत्रमा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१)को खण्ड (क),(ख),(ग),(घ),(ङ),(च) र (छ) बमोजिमको बालबालिकालाई वैकल्पिक

हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रायोजनका लागि ऐनको दफा ४९ (२) को खण्ड (क),(ख) र (ग) बमोजिम वैकल्पिक हेरचाहको स्थापना तथा प्रवर्धनलाई प्राथमिकता दिनेछ । तर यस्तो व्यवस्था समेत हुन नसक्ने अवस्था भएमा हाल लिम्चुङबुङ गाउँपालिका तहभित्र वा नजिकको पालिकामा वा प्रदेशमा संचालनमा रहेका बालगृहमा अल्पकालिन संरक्षणका लागि सिफारिस गर्न सक्नेछ ।

(२) पालिका भित्र हाल संचालनमा रहेका र ऐनको दफा ५२ बमोजिम संचालन गरिने बालगृहको अनुगमन लिम्चुङबुङ गाउँपालिकाले गर्नेछ । बालगृहले पालना गर्नुपर्ने न्यूनतम मापदण्ड (नमुना) अनुसुची १ मा दिइएको छ ।

## परिच्छेद ४

**९. बाल सहभागिताको अभ्यास** : (१) पालिकाले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्था लगायतबाट आफ्ना कार्यहरु सम्पादनको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्धन गर्ने व्यवस्थ ागर्नेछ । यसैगरी स्थानीय तहको आवधिक र वार्षिक योजना तर्जुमा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरुमा र बालबालिका संलग्न हुने विद्यालय लगाय सार्वजनिक निर्माण कार्यहरुमा सबै किसिमका बालबालकिाको (बालक, बालिका, सबै किसिमका अपांगता, यौनिक अल्पसंख्यक आदि) सहभागितालाई प्रवर्धन गर्नेछ ।

(२) बाल सहभागिता प्रवर्द्धनका लागि स्थानीय तहले देहायका उपायहरु समेत अवलम्वन गर्नेछ ।:

(क) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरुले मागेका सूचना निःशूल्क प्रदान गरिनेछ ।

(ख) पालिका भित्रका विद्यालयहरुबीच तथा वडाहरुबीच अतिरिक्त क्रियाकलापहरु (खेलकुद, साहित्य, गीत, संगित, वक्तृत्वकला, चित्रकला, आदि) विविध किसिमका अपांगता बालबालिका समेतलाई उपयुक्त हुनेगरी पालिका स्तरमा प्रतिस्पर्धात्मक कार्यक्रमको आीयेजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(ग) बालक्लव, बाल संस्था तथा बालक्लब संजाल दर्ता वा नवीकरणका लागि रीतपूर्वक परेका निवेदनका आधारमा दर्ता गी दर्ताको प्रमाणपत्र निःशरुल्क उपलब्ध गराउनेछ ।

(घ) आवधिक रुप्मा अद्यावधिक गरिएको बालक्लब सम्बन्धी तथ्यांक तथा सूचना, जानकारी गाउँ बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, राष्ट्रिय बालअधिकार परिषद्‌मा पठाउनेछ ।

३. गाउँपालिकाले बालसहभागिता प्रवर्धनका नाममा व्यक्ति, संस्थाा सार्वजनिक निकायले देहायका कार्यहरु गर्नमा रोक लगाउनेछ ।

(क) बालबालिकाको अध्ययनमा नियमित रुपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम संचालन गर्ने वा सहभागी गराईने छैन ।

(ख) बालबालिकाको शारीरिक, मानसिक, अध्यात्मिक, सामाजिक विकासमा असर पुऱ्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालकिालाई संलग्न गराउने कार्यमा रोक लगाउनेछ ।

(ग) बालबालिकालाई आमाबाबु, संरक्षक, विद्यालयमा लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरित ऱ्यार्ली, जुलुस, सभा आदिमा सहभागी गराउने कार्यलाई निरुत्साहित गरिनेछ ।

(घ) विद्यालय लगायत सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफैले गर्नुपर्ने काम बालबालिका बा बालक्लब वा संस्था वा तिनको संजाल मार्फत गर्नुपर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

(ङ) परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने कार्यलाई निषेध गरिनेछ ।

**१०. बालक्लब वा संस्था दर्ता तथा नविरकण** : (१) ऐनको दफा १० को उपदफा (१) अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रवर्धनका लागि बाक्लब वा संस्था खोल्ने अधिकार सुनिश्चित गरिएको छ । उपदफा (२) मा बालक्लब वा स)स्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । यस सन्दर्भमा बालबालिकाले बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि बालक्लव वा संस्था दर्ता गर्न चाहेमा स्थानीय तहमा देहायका विवरण सहित अनुसूची २ बमोजिम् निवेदन दिनु पर्नेछ ।

(क) बाक्लव वा संस्था गर्न चाहने बालबालिकाको नाम, थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

(ख) बालक्लब वा संस्थाको उदेश्य वा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण

(ग) बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विवरण तथा निर्वाचन हुने प्रक्रिया र अवधि ।

(२) उपदफा (१) बमोजिम निवेदन आएमा स्थानीय तहले बालक्लब वा संस्था दर्ता गरि दर्ता अनुसूची ३ बमोजिमको प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको बालक्लब वा संस्थाले प्रत्येक वर्ष स्थानीय तहका देहायको विवरण खुलाई नविकरणको लागि निवेदन दिन सक्नेछन् :

(क) वर्षभरी आफूले गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

(ख) सदस्यहरु तथा कार्य समितिमा रहेका पदहरुको विवरण,

(४) उपदफा (३) बमोविम निवेदन आएमा स्थानीय तहले बालक्लब वा संस्थाको नवीकरण गरिदिनेछ ।

(५) बालक्लब वा संस्था दर्ता र नवीकरण गरे बापत कुनै शूल्क लिइने छैन ।

(६) प्रत्येक बालक्लब तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरुको संक्षिप्त जानकारी प्रत्येक वर्षको फागुन महिनाको मसान्तसम्म स्थानीय तह तथा स्थानीय बाल अधिकार समितिमा पठाउनु पर्नेछ.।

(७) लिम्चुङबुङ गाउँ बालअधिकार समितिले बालक्लब एवम् संस्थाको वार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको वैशाख महिनाको मसान्तसम्म प्रदेश बाल अधिकार समतिमा पठाउनु पर्नेछ ।

(८) बालक्लब वा संस्थाले तीन वर्षसम्म गाउँपालिकामा नविकरण नगरेमा उक्त बालक्लब वा संस्था स्वतः खारेज हुनेछ ।

**११. (१) लिम्चुङबुङ गाउँपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरुले गाउँस्तरिय बाल संजाल दर्ता गर्न चाहेमा देहायका विवरण सहित लिम्चुङबुङ गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ :**

(क) बालक्लब वा संस्थाहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बालक्लव वा संस्थाहरु तथा संजालहरुले संजालको रुपमा दर्ता गर्ने सामूहिक निर्णयको प्रतिलिपी

(ग) बालक्लब वा संस्थाहरुले संजालको उदेश्य र मुख्य क्रियाकलापहरु,

(घ) बालक्लव वा संस्थाको संजालमा प्रत्येक बालक्लब वा संस्थाबाट समानुपातिक प्रतिनिधित्वको विधि,

(ङ) संजालको सदस्य तथा कार्य समितिमा रहेन पदाधिकारीको विवरण ।

(च) वडाको सिफारिसपत्र

(२) लिम्चुङबुङ गाउँपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरुले उपदफा (१) बमोजिमबाल संजाल स्थापना गर्न निवेदन दिएमा पालिकाले संजाल दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) पालिकामा दर्ता भएका बाल संजालले आफुले गरेको कामको संक्षिप्त विवरण सदस्यहरुको विवरण समेत खुलाई प्रत्येक दुई वर्षमा गाउँपालिकामा नवीकरणको लागि निवेदन दिनुपर्दछ ।

(४) उपदफा (३) बमोजिम निवेदन आएमा पालिकाले बालसंजालको नवीकरण गरिदिनेछ ।

(५) लिम्चुङबुङ गाउँपालिकाले बाल संजाललाई व्यवस्थि तगर्न लिम्चुङबुङ गाउँपालिका बाल अधिकार समितिको सिफारिसमा वडा वा गाउँपालिका स्तरमा बालसंजाल निर्माण गरी व्यवस्थापन गर्न सक्नेछ ।

(६) बाल संजाल दर्ता र नवीकरण गरे बापत कुनै शुल्क दिईने छैन ।

(७) बाल संजालले ५ वर्षसम्म उक्त संजालको नवीकरण नगरेमा स्वतः खारेज हुनेछ ।

**१२. बालक्लबको काम कर्तव्य र अधिकार** : (१) बालक्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) क्लबमा आवद्ध सदस्य सहित अठार वर्षमुनिका सबै बालबालिकाको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरीजवाफ, वक्तृत्वकला, निवन्ध लेखन, साहित्यिक गतिविधि आदि संचालन गर्ने

(ख) बालबालिका, उनिहरुको अभिभावक र परिवारका अन्य सदस्यहरुलाई बालअधिकारको बारेमा सचेत गर्ने, गराउने ।

(ग) सिकाई प्रक्रियामा बाल सहभागिता अभिवृद्धि गर्दै बालबालिकामा अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्ने गराउने ।

(घ) बालबालिकालाई जीवनउपयोगी सीपको बारेमा जानकार गराउने ,

(ङ) बालक्लबलाई बालबालिकामा रचनात्मक र नविन कौशल विकास गर्ने एक साझा स्थलको रुपमा स्थापित गराउने,

(च) बालबालिकाको कक्षा कोठाको सिकाईलाई वास्तविक जीवनमा रुपान्तरण गर्न सक्ने साधनको रुपमा बालक्लवलाई परिचित गराउने,

(छ) स्वास्थ्य, सरसफाई र वातावरणको क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरु संचालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न पालिका तहमा विभिन्न कार्यक्रमहरु आयोजना गर्ने,

(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा र मातृसंस्कृति संरक्षणको लागि आवाज उठाउने र सामाजिक कुरीति तथा बाल अधिकार उल्लंघनको घटनाहरुको विरुद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समूहका बालबालिका विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्न र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने,

(ट) गाउँपालिका तह तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले संचालन गर्ने जनचेतनामूलक कार्यमा सक्रिय सहभागिता जनाउने ।

(ठ) बालमैत्री शासन वडा तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले संचालन गर्ने जनचेतनमुलक कार्यमा सक्रिय सहभागिता जनाउने,

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटनादर्ता, पूर्ण सरसफाई आदि अभियानमा पालिका तथा वडा तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने,

२) उपदफा (१) मा जे सुकै लेखेको भएता पनि बालक्लब, बाल संस्थाले देहाय बमोजमका कार्यहरु गर्न गराउन निषेध गरिएको छः-:

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनको पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजि सम्पत्ति दूरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउन,

(ग) समुदायका निश्चित जातजाति, धर्म क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनियता भंग हुने र पहिचान खुल्ने गतिविधिहरु गर्न,

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह, वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरुमा सहभागी हुन तर प्रतिस्पर्धा, आवासिय तालिम वा आयोजकहरुले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालयम भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पुर्व अनुमति वेगर जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेल्न खेलाउन,

(छ) बाल समुह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार व्यवसाय गर्न

(ज) सिंगो परियोजना संचालन गर्न वा ठूला र लामो समयका गतिविधिहरु संचालन गर्न,

(झ) आर्थिक जिम्मेवारी लिई कार्यहरु गर्न,

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु गर्न गराउन,

(ट) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्साई गाउँ बाल अधिकार समितिको परामर्शमा सुरक्षा निकाय वा विद्यालयले रोक लगाएका कार्यहरु गर्न गराउन ।

**१३. बाल संजालको काम, कर्तव्य र अधिकार** : (१) बालक्लब तथा बालसंजालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो क्षेत्रभित्रका बालक्लवहरुको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना गर्ने ।

(ख) आवद्ध बालक्लबहरुको गतिविधि संचालन गर्न संजाललाई वडा, गाउँपालिका तथा अन्य सहयोगी सहयोगी संस्थाहरुबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) बालक्लबहरुले संचालन गरेका कार्यक्रमहरुमा अतिथिको रुपमा उपस्थित भई बालक्लबका अन्य साथीहरुलाई हौसला प्रदान गर्ने । तर यस्ता किसिमका गतिविधिहरु संचालन गर्दा आफ्ना तथा अन्य साथीको पढाईलाई असर नपर्ने गरी विदा तथा फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने ।

(घ) बाल अधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरु बालक्लबहरु मार्फत प्रभावकारी रुपले सम्पन्न गर्न उपसमितिहरुको गठन गरी संजालका पदाधिकारीहरुका बीचमा कार्यविभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने ।

(ङ) गाउँपालिकाले स्थानिय स्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनको सम्पूर्ण चरणहरुमा संजालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लबहरुका तर्फबाट आएको योजना तथा सुझावहरु समेतलाई ख्याल गर्दै अन्य बालक्लहरुको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

(च) स्थानीय स्तरमा बालबालिका माथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाई, समाजिक कुरीति र विभेद जस्ता बाल अधिकार हननका घटनाविरुद्ध सम्बन्धित सरोकारवाला पक्षहरुको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने ।

(छ) बालक्लबहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी संजालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने ।

(ज) आफ्ना कार्यक्षेत्रमा संचालनमा भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री बातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाईको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरुमा बालसंजालको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

(झ) बालक्लब तथा बालअधिकारको क्षेत्रमा कार्यरत अन्य संघसंस्था तथा सरोकारवालाहरुबीच आपसी समझदारी र समन्वयको बातावरण तयार गर्ने

(ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लवहरुले सम्पन्न गरेका क्रियाकलापहरुको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सोको अभिलेख राखी स्थानीय तह र गाउँ बाल अधिकार समितिमा पेश गर्ने ।

(ट) बालक्लबहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको सामूहिकिकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सिर्जना गर्ने ।

१४. (१) बालक्लब, बाल संस्था वा बाल संजालका सबै उमेर, लिंग, जातजाति, अपांगता लगायत स्थानीय समाजको विविधतालाई प्रतिविम्व गर्ने समावेशी हुनुपर्नेछ ।

तर, व्यवस्थाले बालिकाहरु मात्र सदस्य रहन सक्ने गरी विशिष्टीकृत बालक्लब वा संस्था संचालन गर्न रोक लगाएको मानिने छैन ।

(२) बालक्लब, संस्था वा संजालको सदस्यता विधानमा र.तोकिएको प्रक्रिया बमोजिम योग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नुपर्नेछ ।

(३) बालक्लब, संस्था वा संजालको नेतृत्व वा यसका क्रियाकलापहरुमा बढि पदमा निरन्तर नबसी क्रमश: अर्को बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ ।

(४) बालक्लब, संस्था वा संजालको पदाधिकारीहरुले दुई कार्यकाल भन्दा बढि पदमा निरन्तर नवसी क्रमश: अर्का बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ ।

(५) बालक्लब, संस्था वा संजालको सदस्यता लिन वा संजालमा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न हुदैंन ।

(६) बालक्लब, सस्था वा संजालले आफ्ना क्लब संस्था वा संचालनमा सदस्यहरुको हित हुने र दिर्घकाल सम्म फाईदा पुग्ने कार्यक्रम संचालन गर्नुपर्दछ ।

(७) बालक्लब, संस्था वा संजालले दलीय राजनितिक कार्यक्रममा सहभागी हुन वा त्यसको समर्थन र विरोध गर्ने कार्यक्रम संचालन गर्नुहुदैन । तर, राजनीतक विचारधारा र दृष्टिकोणका विषयमा वहस र छलफल संचालन गर्न यस नियमले बाधा पुर्याएको मानिने छैन ।

**१५. बालक्लब तथा बाल संजालको गाउँस्तरिय भेला** : (१) सार्वजनिक निकाय वा संस्थाले बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बालक्लव वा संस्था र बाल संजालको वडा, गाउँस्तरको भेला आयोजना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको भेलाको आयोजकले सहभागी हुने प्रत्येक बालबालिका, बालबालिकाको आमाबाबु, संरक्षकको सँग अनुमति लिई लिखित मञ्जुरीनामा हस्ताक्षर गराउनुपर्दछ ।

(३) बालक्लब वा संस्था र बाल संजालले आफ्नो संस्थाको आर्थिक दायित्व संचालन गर्न कुनै व्यक्ति वा संस्थालाई जिम्मेवारी दिन सक्नेछन् ।

(४) यसरी जिम्मेवारी पाएका संस्थाले प्रचलित कानून बमोजिम सामाजिक संस्थाले राख्ने लेखा प्रणाली बमोजिम संस्थाको लेखा राख्नु पर्नेछ ।

**१७. बालक्लब वा संस्था र बाल  संजाललाई व्यवस्थित गर्नुपर्ने** : (१) लिम्चुङबुङ गाउँपालिकाले गाउँपालिकामा दर्ता भएका बालक्लब, संस्था वा बाल संजालको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) गाउँ बाल अधिकार समितिले बालक्लब वा संस्था र बाल संजालका उपलब्धिहरुको प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद ५
## गाउँ बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**१८. गाउँ बाल अधिकार समितिले देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने गरी गाउँ बाल अधिकार समिति गठन हुनेछ :**

| | | |
|---|---|---|
| (क) | गाउँ उपाध्यक्ष | अध्यक्ष |
| (ख) | गाउँपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य, माध्यमिक विद्यालयका प्रद्यानाध्यापक मध्ये १ जना, फोकल शिक्षक मध्ये १ जना, सूचिकृत समाजसेवी वा सामाजिक कार्यकर्ता, बालमनोविज्ञ, चिकित्सक वा स्टाफ नर्समध्ये १ जना गरी जम्मा ५ जना | सदस्य |
| (ग) | गाउँपालिकाको बालबालिका शाखा प्रमुख, शिक्षा प्रमुख र स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख गरी ३ जना | सदस्य |
| (घ) | गाउँ बाल संजालले तोकेको २ जना बालिका सहित ३ जना | सदस्य |
| (ङ) | ईलाका प्रहरी कार्यालयको प्रमुख/तोकेको म.बा.शा.को कर्मचारी, १ जना | सदस्य |
| (च) | बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट पालिकाले मनोनयन गरेका कम्तिमा १ जना महिला सहित २ जना | सदस्य |
| (छ) | बाल कल्याण अधिकारी | सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ख), (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

**१९. गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार** : (१) लिम्चुङबुङ गाउँपालिका बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समितिको दीर्घकालीन नीति, योजना, र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न गाउँ कार्यपालिकालाई सुझाव दिने,

(ग) गाउँपालिकाद्धारा संचालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्यांकन तथा समिक्षा गरी सुझाव दिने,

(घ) गाउँपालिका भित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार उद्धार पुर्नस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय सहयोग र सहजीकरण गर्ने,

(ङ) आफ्नो पालिका भित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री वडा तथा स्थानीय तह घोषणाको नेतृत्व लिने,

(च) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(छ) गाउँपालिकामा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए गरेका कार्यहरु र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्ध स्थानीय वार्षिक प्रतिवेदनको कार्य स्थानीय तहको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाईडमा राख्ने, समिति तथा गाउँपालिकमा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने ।

(ज) बालबालिका सम्बन्धी स्थानीय तथ्यांक विवरण, संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विका, संचालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(झ) समितिको सचिवालय, जनशक्ति, र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिने तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ञ) स्थानीय तह मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम संचालन गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार स्थानीय तहको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान संचालनमा सहयोग गर्ने,

(ड) लिम्चुङबुङ गाउँपालिकामा बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ (दश, नौ, आठ) नेपाल संचालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने ,

(ढ) धर्मपुत्र, धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचिकृत गरी आन्तरिक धर्मपुत्र/धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने ,

(ण) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र/धर्मपुत्र लिन दिन संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,

(त) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम संचालन हुन नसकेका बालगृह, बाल सुधार गृह, अस्थायी संरक्षण केन्द्र, पुर्नस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने,

(थ) स्थानीय तहभित्र संचालित बाल गृह, अस्थायी संरक्षण तथा सेवा केन्द्र, पुर्नस्थापना केन्द्र लगायतका आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरिक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरुको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने ।

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

(३) वालक्लव गठन गरी बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा संस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराईएको छ वा छैन,

(४) बालबालिकालई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुर्नस्थापना केन्द्र तथा सामाजिकीकरण केन्दमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(६) बाल गृहमा आश्रित बालबाकिमाल वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

(७) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालना गर्नुपर्ने कुराहरु पालना गरेको छ वा छैन ।

(८) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(९) बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन,

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**(२०) स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था :** बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(१) समितिको बैठक कम्तिमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।
(३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची तीन दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउन पर्नेछ ।
(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपुरक संख्या मानिनेछ ।
(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।
(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षयता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।
(७) समितिको वैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।
(८) समितिको वैठक तथा संचालन खर्च लिम्चुङबुङ गाउँपालिकाको नियमानुसार हुनेछ ।
(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**२१. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) समितिले आफूले गर्नुपर्ने कुनै माक सुचारु रुपले संचालन गर्नको निमित्त बाल विशेषज्ञ वा बाल मनोविज्ञ, समाज सेवी, समाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बालक्लबका प्रतिनिधि, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बालक्लबमा प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकताअनुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा तथा अन्य कार्यविधि लिम्चुङबुङ गाउँपालिकामा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने वडा बाल अधिकार गठन गर्न सक्नेछ :

| | | |
|---|---|---|
| क. | सम्बन्धित वडाको वडा अध्यक्ष १ जना | अध्यक्ष |
| ख. | वडाले तोकेको महिला सदस्य सहित २ जना वडा सदस्य, माध्यमिक विद्यालयका प्रद्यानाध्यापक मध्ये १ जना फोकल शिक्षकमध्ये १ जना, बाल मनोविज्ञ, चिकित्सक वा स्टाफ नर्स १ जना गरी ५ जना | सदस्य |
| ग. | प्रमुख स्वास्थ्य चौकी १ जना | सदस्य |
| (घ) | वडा स्तरइ बाल संजालले तोकेको २ जना बालिका सहित ३ जना | सदस्य |
| (ङ) | बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनय गरेका कम्तिमा १ जना महिला सहित २ जना | सदस्उ |
| (च) | वडा सचिव | सदस्य सचिव |

उपदफा (१) को खण्ड (१) को खण्ड (ख) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (च) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिम योग्यता पुरा भएको हुनु पर्नेछ :
(क) नेपाली नागरिक,
(ख) एक्काईस वर्ष उमेर पूरा भएको ,

(ग) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको सम्बन्धित वडाभित्र स्थायी बसोबास भएको ।

(२) उपदफा (२) मा जेसुकै लेखेको भए तापनि वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरु तथा बाल संजालका प्रतिनिधिहरुको हकमा उमेर, बसोबास, क्षेत्र, शैक्षिक योग्यताका आधारमा सदस्य हुन अयोग्य मानिने छैन ।

**२३. वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार** : (१) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरुको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने,

(ख) वडा तहमा बाल अधिकारमा आधारित सहभागितमूलक ढंगबाट निर्माण गर्ने,

(ग) वडालाई बालमैत्री बनाउने सिंगो प्रक्रियाको नेतृत्व लिने,

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने,

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको संलकन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने,

(च) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने,

(छ) वडास्तरमा बालश्रम, बालविवाह, बेचबिखन, ओसारपसार बालबालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जूमा गरी कार्यन्वयन गर्ने,

(ज) सार्वजनिक सुनुवाईका समयमा स्थानीय तहबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्ने,

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरुको नक्शाङ्कन गर्ने

(ञ) वडामा रहेका बालक्लव, संजाल, समूहको सूची तयार गरी गाउँ बाल अधिकार समितिमा पेश गर्ने,

(ट) वडामा संचालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरुको अनुगमन गरी गाउँ बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने ।

**२४. वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था** : वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छ :

(१) समितिको बैठक कम्तिमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिव बोलाउनेछ,

(३) सदस्य सचिवले समितिको वैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची तीन दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ,

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ,

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक तथा संचालन खर्च गाउँपालिकाको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ६

## बाल कल्याण अधिकारी :

**२५. बाल कल्याण अधिकारीको नियुक्ति :** (१) स्थानीय तहले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी स्थानीय तहको कर्मचारी पदपूर्ती प्रक्रिया अनुसार नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म पालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा सम्बन्धित शाखाको कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बाल कल्याण अधिकारीले गाउँ बाल अधिकार समतिको सदस्य सचिवको रुपमा काम गर्नेछ ।

**२६. बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :** बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने वा गराउने ।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र गाउँ बाल अधिकार समितिलाई अवाश्यक सहयोग गर्ने एवम् कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको वैठकमा पेश गर्ने ।

(ग) गाउँपालिका भित्र स्थायी तथा अस्थायी रुपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्यांक संकलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) स्थानिय तहका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसुरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनमिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिम कार्य गर्न कार्ययोजना तयार गरी गाउँ बालअधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यन्वयन गर्ने ।

(च) आन्तरिक तथा अन्तरदेशिय धर्मपुत्र/धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण पालिकाबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलब्ध गराउने ।

(छ) बालबालिका विरुद्धको कसुरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणको लागि प्रहरी कार्यलय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ज) ऐन, को दफा ४९ बमोजिम स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुर्नस्थापना केन्द्र, अस्थायीं संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालई शैक्षिक प्रायोजनका लागि राखिएको मठ, गुरुकूल, गुम्वा, मदरसा, चर्च जस्ता अनिवार्य आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन बाल अधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(झ) स्थानीय तहमा भएका बाल अधिकार उल्लघंन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ञ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ।

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चलअचल सम्पत्तीको अभिलेख राखी संरक्षण गर्न सम्वन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

(ड) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद्मा पेश गर्ने ।

(ढ) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

## परिच्छेद ७
## बाल मनोविज्ञ, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

**२७. समाजसेवी तथा बाल मनोविज्ञको सूची तथा नियुक्ति :** (१) लिम्चुङबुङ गाउँपालिका तहभित्र रही समाजसेवी तथा बालमनोविज्ञको रुपमा काम गर्न चाहने व्यक्तिले बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तथा मनोविज्ञलाई सूचिकृत गर्नका निमित्त लिम्चुङबुङ गाउँपालिका गाउँ बाल अधिकर समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचिसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना गर्नेछ ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रुपमा काम गर्न ईच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित स्थानीय बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा लिम्चुङबुङ गाउँ बाल अधिकार समतिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकहलाई समाजसेवीका रुपमा लिम्चुङबुङ गाउँ बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) समाजसेवी छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा गाउँ बाल अधिाकर समितिले सूचिकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको परिश्रमिक स्थानीय तहले व्यवस्था गर्नेछ ।

**२८. सेवा प्रदायक निकायको नक्सांकन तथा सूचीकरण** : (१) लिम्चुङबुङ गाउँपालिका भित्रको बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्धनको लागि ईच्छुक सामाजिक संस्थाहरु लिम्चुङबुङ गाउँपालिकामा अनिवार्य रुपमा सूचीकृत हुनु पर्दछ ।

(२) उपदफा (१) सूचिकृत गर्नका निमित्त गाउँ बाल अधिका समतिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ ।

(३) गाउँपालिका तहभित्र सूचिकृत हुन इच्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित गाउँ बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गाउँ बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरुलाई सेवा प्रदायक निकायको रुपमा गाउँ बाल अधिकार समितिले सूचिकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचिकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ ।

## परिच्छेद ८

## बाल कोष संचालन तथा व्यवस्थापन

**२९. बाल कोष** : (१) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ लिम्चुङबुङ गाउँपालिकामा एक बाल कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बाल कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन् :

(क) पालिकाबाट वार्षिक रुपमा विनियोजित बजेट,

(ख) संघसंस्थाहरुबाट प्राप्त हुने सहायता,

(ग) निजी व्यवसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) लिम्चुङबुङ गाउँपालिका न्यायिक समितिबाट बालबालिका विरुद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम,

(ङ) बाल अधकारको संरक्षण तथा संवर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(च) अन्य तोकिएको आम्दानी ।

**३०. कोष संचालक समिति** : (१) ) लिम्चुङबुङ गाउँपालिकामा बाल कोष संचालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष संचालक समिति रहनेछ :

| | | |
|---|---|---|
| क) | गाउँ बाल अधिकार समितिको अध्यक्ष | संयोजक |
| (ख) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) | लेखा प्रमुख | सदस्य |
| (घ) | गाउँ बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको १ जना | सदस्य |
| (ङ) | बाल कल्याण अधिकारी | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

**३१. बाल कोष संचालक समितिको काम, कर्तव्य र अधिकार** : बाल कोष संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) तत्कालिन समयमा स्थानीय तहभित्र आपतकालीन अवस्थामा रहेको बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै संचालनमा रहेको गाउँ बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने ।

(ख) जोखिम अवस्थामा रहेको र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुर्नस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जूमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि स्रोत खोजी गर्ने,
(ट) जोखिम अवस्थामा रहेको बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**३२. बाल कोष संचालक बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम कायम गरिएको छ :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौविस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।
(४) समितिको दुई तिहाई सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको उपस्थित सदस्यहरुको आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।
(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(७) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।
(८) समितिको बैठक सम्बन्धीको अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
(९) जोखिममा रहेको बालबालिकाको आकस्मिक उद्धार तथा पुर्नस्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्नेछन् तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**३३. कोषको प्रयोग प्रयोजन :** (१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रायोजनको लागि गर्न सकिनेछ :

(क) विशेष संरक्षणको आवश्यकता भएका आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,
(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालिन अवस्थामा रहेको बालबालिकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुर्नमिलन तथा पुर्नस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,
(ग) बालबालिकाको हकहित सम्बन्धमा कोष संचालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,
(२) बाल कोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष संचालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

**३४. बाल कोषको खर्चको सीमा** : (१) बाल कोषको रकम देहायको अवस्थामा कोष संचालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछ :

(क) हिंसा पीडित बालबालिकालाई अधिकतम रु. ५ हजारसम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि,
(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनस सहायतामा लाग्ने खर्च अधिकतम रु. १० हजारसम्म,
(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रु. ५ हजारसम्म,
(घ) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणवापत अधिकतम प्रति बालबालिका रु. ५ हजारसम्म ।
(२) बाल कोषको रकम तालिम, गोष्ठि, बैठक भत्ता तथा अनुगमन एवम् प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाईने छैन ।

**३५. कोषको खाता संचालन** : (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त पायक पर्ने “क” वर्गको बैंकमा खाता खोली संचालन गरिनेछ ।
(२) उपदफा १ बमोजिमको खाता संचालनका लागि लिम्चुङबुङ गाउँपालिकाको हकमा प्रमुख प्रशासकिय र लेखा प्रमुखको संयुक्त दस्तखतमा संचालन गरिनेछ ।
(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।
**(३६) कोषको लेखा र लेखा परिक्षण** : (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।
(२) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**परिच्छेद-९**

**३७. स्रोतको व्यवस्थापन** : लिम्चुङबुङ गाउँपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्य संचालन गर्न योजना निर्माण गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।
**३८. प्रोत्साहन पुरस्कारको व्यवस्था** : बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, संजाल तथा संघसंस्थालाई स्थानीय तहले उचित पुरस्कार प्रदान गर्न सक्नेछ ।
३९. कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार लिम्चुङबुङ गाउँपालिकाको कार्यपालिकालाई हुनेछ ।
**४०. संशोधन गर्न सकिने** : यस कार्यविधिलाई लिम्चुङबुङ गाउँपालिकाको गाउँ सभाले आवश्यक संशोधन गर्न सक्नेछ ।
**४१. खारेजी र बचाऊ** : यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश नं. १ सरकारको कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछन् र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ ।
**४२. यसै कार्यविधि बमोजिम भए गरेको मानिने** : लिम्चुङबुङ गाउँपालिकामा यो कार्यविधि लागू हुनु भन्दा अघि गरेको बालबालिका सम्बन्धी कार्यहरु यसै कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र संवर्द्धन प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

## अनुसूची-१

संचालनमा रहेका बालगृह वा ऐनको दफा ५२ बमोजिम स्थापना हुने बालगृहले पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड

**(क) भौतिक पूर्वाधार र सुविधा :**

१. बालगृह रहने भवन, बाढी पहिरो जस्ता प्राकृतिक जोखिम नहुने ठाउँमा हुनु पर्दछ ।

२. बालगृह पर्खालसहितको सुरक्षित, सुविधाजनक, बालमैत्री एवम् अपांगमैत्री हुन पर्दछ ।

३. बालबालिकाको शयन कक्षमा प्रत्येक बालबालिकाको लागि कम्तीमा ३० वर्ग फिट सतह पर्ने एउटा शयन कक्षमा बढीमा ८ जना बालबालिकासम्म राख्ने, खाट बढीमा दुई तलाको मात्र हुनेगरी मौसम अनुसारको पर्याप्त र सफा ओढ्ने ओछ्याउने उपलब्ध हुनु पर्दछ ।

४. बालक र बालिकाको सुत्ने व्यवस्था वेग्ला वेग्लै भवन, तला वा खण्डमा हुनु पर्नेछ ।

५. विरामी वा ६ वर्ष मुनिका बालबालिकालाई सुरक्षा र हेरचाहका निम्ति हेरचाहकर्तालाई नजिकै सुताउने व्यवस्था हुनु पर्नेछ । तर बालबलिकाको शयन कक्षमा बालगृहका अन्य कर्मचारी सुत्नु हुदैंन ।

६. बालबालिकालाई आफ्ना निजी सरसमान, शैक्षिक सामाग्री र कपडा राख्नको लागि प्रत्येक सुरक्षित स्थान उपलब्ध गराउनु पर्दछ ।

७. बालक र बालिकाका लागि (१० जना सम्मका लागि) अलग्गै सफा तथा बालमैत्री र लैंगिक मैत्री शैचालय र स्नान घरको व्यवस्था हुनु पर्दछ ।

८. बालबालिकालाई व्यक्तिगत सररफाईका लागि आवश्यक स्वच्छ, चिसो र तातोपानी उपलब्ध हुनु पर्दछ र फोहोरको उपयुक्त व्यवस्थापन गर्नु पर्दछ ।

९. बालगृह रहेको भवनमा अनिवार्य रुपमा भान्सा, भण्डार, भोजन, शयन, अध्ययन तथा पुस्तकालय, मनोरञ्जन, मनोविमर्श तथा प्राथमिक उपचार, कार्यालय लगायत जस्ता कक्षहरुको व्यवस्था हुनु पर्दछ । उक्त कक्षहरुमा आवश्यक र उपयुक्त फर्निचर, समान झ्याल र घाम र हावा पुग्ने हुनु पर्दछ ।

१०. अग्नि नियन्त्रक उपकरण (Fire Exitinguisher) को व्यवस्था हुनु पर्दछ ।

११. बालगृहको साईनबोर्ड सबैले देख्ने गरी राख्नु पर्दछ ।

**(ख) बालबालिकाको लागि आधारभूत सेवासुविधा :**

१२. प्रत्येक बालबालिकालाई अनिवार्य रुपमा औपचारिक शिक्षाको प्रबन्ध गर्नु पर्दछ ।

१३. औपचारिक शिक्षामा समावेश हुन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षाको प्रबन्ध गर्नु पर्दछ ।

१४. बालगृहमा विहान वा बेलुका शिक्षण सिकाईको व्यवस्था गर्नु पर्दछ ।

१५. बालबालिकालाई नियमित स्वास्थ्य जाँच र उपचारको व्यवस्था हुनु पर्दछ ।

१६. सबै बालबालिकाको स्वास्थ्य बिमा गराउनु पर्नेछ । स्वास्थ्य बिमामा समावेश नभएका गम्भिर प्रकृतिको स्वास्थ्य समस्या भएका बालबालिकालाई अन्य स्वास्थ्य संस्थासँग सम्झौता गरी उपचारको व्यवस्था तुरुन्त गर्नु पर्दछ ।

१७. बालबालबलिकालाई बालगृहमा भर्ना गर्ने वित्तिकै मौसम अनुसारको अनौपचारिक पोशाक, विद्यालय जाने बालबालिकाको लागि मौसम अनुसारको कम्तिमा दुईजोर विद्यालय पोशाकको व्यवस्था गर्नु पर्दछ ।

१८. बालबालिकाको लागि मौसम अनुसारको स्वस्थ र पोषणयुक्त पर्याप्त खानाको व्यवस्था ( बिहानको खाजा, खाना, अपरान्हको खाजा र बेलुकीको खाना) हुनु पर्दछ । पत्रु खाना मात्र नियमित रुपमा खुवाउन हुदैंन ।

१९. ओढ्ने, ओछ्याउने, लगाउने लुगाहरु लगायतका लत्ताकपडाहरु सफा राख्नु पर्दछ ।

**(ग) बाल संरक्षण**

२०. संस्थाको बाल संरक्षण मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

२१. बालबालिकालाई जातजाति, भूगोल, धर्म, भाषा, शारीरिक, मानसिक जस्ता अवस्थाका आधारमा भेदभाव गर्नु हुदैंन ।

२२. बालगृहमा रहेको बालबालिकालाई कुनै पनि किसिमका दुर्व्यवहार, हिंसा, शोषण वा भेदभाव गर्नु हुदैन ।

२३. बालगृहमा रहेको बालबालिकाको जन्मदर्ता प्रमाणपत्र नभएको अवस्थामा प्रचलित कानून अनुसार जन्मदर्ता प्रमाणपत्रको व्यवस्था सुनिश्चित गर्नु पर्दछ ।

२४. मनोसामाजिक विमर्शको आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार परामर्शको व्यवस्था हुनु पर्नेछ ।

२५. बालबालिकाको पढाईमा अवरोध हुने र हित विपरित हुने गरी बालबालिकालाई कुनै पनि कार्य गराउन पाईनेछैन ।

२६. बालबालिकासँग सम्बन्धित हिंसा, शोषण लगायतका घटनाको सम्बोधन यथाशिघ्र गर्नुपर्दछ र कानूनी प्रक्रियाको आवश्यकता भएको अवस्थामा सोको व्यवस्था गर्नुपर्दछ ।

२७. बालबालिकाको सहज पहुँच र गोपनियता कायम हुने गरी बालगृहमा गुनासो/सुझाव पेटिकाको व्यवस्था हुनु पर्दछ । गुनासो सुनुवाई संयन्त्रबाट प्रत्येक दिन उक्त पेटिका खोली प्राप्त गुनासो।सुझावलाई तत्काल सम्बोधन गर्नुपर्दछ । उजुरीकर्तासँग प्रतिशोध नलिईने सुनिश्चित गर्नुपर्दछ ।

२८.बालगृहमा बालबालिकासँग सम्पर्क गर्न आउने कुनै पनि व्यक्ति बालगृहका व्यवस्थापक वा कर्मचारीलाई असम्बन्धित वा शंका लागेमा निजको आवतजावत तथा बालबालिकासँगको सम्पर्कलाई निषेध गर्नु पर्दछ ।

२९. बालगृहमा आवसीय कर्मचारी बाहेक कुनै पनि बाहृय व्यक्तिहरु तथा स्वदेशी वा विदेशी स्वयम् सेवकलाई बास बस्न दिन पाईनेछैन ।

३०. बालगृहमा कुनै दुर्घटना भएमा वा बालबालिकालाई आपतकालिन अवस्था भएमा अपांगता भएका बालबालिकाले पनि तत्काल सूचना दिन सक्ने व्यवस्था मिलाउनु पर्दछ ।

३१. सुरक्षा जोखिम भएका बालबालिकालाई बालगृहभित्र वा बाहिर कुनै पनि जोखिमबाट पूर्ण सुरक्षित हुने बन्दोबस्त मिलाउनु पर्दछ ।

३२. बालबालिकाको पारिवारीक धर्म र संस्कार अनुसारको क्रियाकलाप गर्ने व्यवस्था हुनु पर्दछ तर बालबालिकालाई कुनै आस्था वा धर्म ग्रहण गर्न बाध्य बनाउने वा लोभ्याउने वा उक्साउने गर्नु/गराउनु हुदैंन ।

३३. बालगृह र बालबालिकाको सहमतिविना कसैलाई पनि फोटो, भिडियो खिच्न दिनु हुदैन ।

३४.बालबालिकाकालाई बालगृहमा कसैलाई पनि हेपाई/बुलिङ गर्न पाईनेछैन ।

३५. ३ वर्ष सम्मका प्रत्येक ५ जना बालबालिकाका लागि कम्तिमा १ जना, ४ देखि १० वर्षसम्मका लागि १ जना हेरचाहकर्ता (कम्तिमा एकजना महिला) हुनुपर्छ ।

३६. बालिका मात्रका लागि संचालित बालगृहमा आवासीय कर्मचारी महिला हुनुपर्छ ।

**(च) मनोरञ्जन, खेलकुद, विकास, सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलाप :**

३७. बालगृहभित्र बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक विकासको लागि उमेर, रुची, क्षमता अनुसारको मनोञ्जन, खेलकुद, श्रव्यदृष्य सामाग्री लगायत बालगृह बाहिर समेत उपयुक्त खेलकुदको व्यवस्था हुनुपर्दछ ।

३८. बालबालिकाको रुची अनुसार चित्रकला, मुर्तिकला, गीत, संगीत, साहित्य लगायतका सिर्जनात्मक कार्यहरु गर्ने व्यवस्था गर्नु पर्दछ ।

३९. बालगृहका १६ वर्ष वा सोभन्दा माथिका बालबालिकालाई जीवनोउपयोगी तथा उनीहरुको रुची र क्षमता अनुसारको तालिमको व्यवस्था गर्नु पर्दछ ।

४०. बालबालिकालाई वर्षमा कम्तिमा एक पटक वनभोज वा शैक्षिक भ्रमणको व्यवस्था गर्नु पर्दछ ।

४१. बालगृहमा बालक्लबको व्यवस्था हुनु पर्दछ ।

**(ङ) सूचना व्यवस्थापन :**

४२. बालबालिकाको फोटोसहित वैयक्तिक विवरण, जन्मदर्ता, प्रमाणपत्र, बालबालिकासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, घटना व्यवस्थापन जस्ता सूचना अनिवार्य तथा पूर्ण रुपमा अध्यावधिक राख्नुपर्दछ ।

४३. प्रचलित कानून बमोजिम बालबालिकाका संवेदनशील सूचना गोप्य राख्नु पर्नेछ ।

४४. बालगृहभित्र बालबालिका, बालगृहका पदाधिकारी र कर्मचारी, बाह्य आगन्तुक वा जो कोहीले पालना गर्नुपर्ने आचारसंहिता देखिने गरी राख्नु पर्दछ ।

४५. बालगृहको परिसरमा बालगृहका पदाधिकारी, कर्मचारी, आगन्तुक, बालबालिका लगायत कसैबाट पनि लागुपद्धार्थ, चुरोटसूर्ती र मदिराको सेवन वा प्रयोग नहुने सुनिश्चित गर्नुपर्दछ ।

४६. बालगृहको प्रशासनिक र आर्थिक लगायतका सूचना वा फाईल अध्यावधिक गर्नुपर्दछ ।

**(च) अन्य व्यवस्था :**

४७. बालगृहमा दैनिक तथा साप्ताहिक कार्यतालिका र भोजन तालिका बनाई कार्यान्वयन गर्नु पर्दछ ।

४८. बालबालिकालाई समय-समयमा आफन्तसँग सम्पर्क तथा भेटघाट गर्ने व्यवस्था गर्नु पर्दछ ।

४९. बालगृहमा कार्य गर्ने सबै कर्मचारीलाई बालगृहको नीति तथा मापदण्ड, बाल अधिकार र बाल मैत्रि व्यवहारको अनुशिक्षण वा तीलम दिईएको हुनपर्नेछ ।

५०. बालगृहमा कम्तीमा ३० जना बालबालिकाका देहायको संख्यामा कर्मचारी हुनुपर्छ :

| | |
|---|---|
| १. भान्से तथा हेरचाहकर्ता (महिला १) | २ जना पूर्णकालिन |
| २. शिक्षण सिकाई सहजकर्ता | १ जना पूर्णकालिन |
| ३. व्यवस्थापक/प्रशासक | १ जना पूर्णकालिन |
| ४. मनोविमर्शकर्ता | १ जना पूर्णकालिन |
| ५. स्वास्थ्यकर्मी | १ जना पूर्णकालिन/आंशिक |
| ६. खेल/मनोरञ्जन सहयोगी | १ जना पूर्णकालिन/आंशिक |
| ७. सामाजिक कार्यकर्ता | १ जना पूर्णकालिन /आंशिक |

बालगृहमा रहने गरी कर्मचारी र स्वयम् सेवकको नियुक्ति र सेवासुविधा सम्बन्धी स्पष्ट व्यवस्था हुनुपर्ने ।

## अनुसूची-२

## बालक्लब दर्ता प्रमाण-पत्र लिन दिइने निवेदनको ढाँचा (नमुना)

मिति

.............................

श्री..................................................

.......................................................................

**विषय : बालक्लव/संस्था/संजाल दर्ता गरी पाऊ ।**

महोदय,

प्रस्तुत विषयको सम्बन्धमा उदयपुर जिल्लाको लिम्चुङबुङ गाउँपालिका वडा नं. ......... टोल........................................................ स्थित बालक्लव/संस्था/बालसञ्जाल दर्ता गरी बाल अधिकारको प्रवर्धन सम्बन्धी क्रियाकलापहरु संचालन गर्न हामी ........... जना सम्मिलित हुनेगरी ..................................................................... नामक बालक्लव/संस्था/बालसञ्जाल दर्ता गर्न ईच्छुक भई देहाय बमोजिमको कागजात संलग्न गरी बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम ५ बमोजिम तथा लिम्चुङबुङ गाउँपालिकाको बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि, २०७९ को परिच्छेद ४ दफा १० बमोजिम उल्लेखित बालक्लब वा संस्था/बालसञ्जाल दर्ता गरिदिन हुन अनुरोध छ।

**संलग्न गरिएका कागजातहरु**

१. प्रस्तावित बालक्लव, बाल संजाल वा बाल संस्थाको विधान,

२. प्रस्तावित बाल क्लब, बाल संजाल वा बाल संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपी,

३. बालक्लमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण,

४. बालक्लव वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम, थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यलाय वा आश्रित बाल गृहको सिफारिस पत्र,

५. बालक्लव वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विबरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण ।

६. बालक्लव वा संस्थाको उदेश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

७. विद्यालयको हकमा विद्यालयको सिफारिस,

निवेदक

अध्यक्ष

अनुसूची-३

संस्था/बालक्लव/सञ्जाल सूचीकृत प्रमाणपत्रको (नमूना)

लिम्चुङबुङ गाउँपालिका

उदपुर जिल्ला

प्रदेश नं. १

दर्ता प्रमाण-पत्र

दर्ता नं.-

मिति .......................

श्री ............................................संस्था/सञ्जाल/बालक्लव

ठेगाना .........................।

जिल्ला उदयपुर लिम्चुङबुङ गाउँपालिका नं. वडाको ....................... विद्यालय/समुदायमा गठन गरिएको .......... संस्था/बालक्लव/सञ्जाल बाल संस्थालाई यस लिम्चुङबुङ गाउँपालिकामा दर्ता गरी लिम्चुङबुङ गाउँपालिका बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि, २०७९ को परिच्छेद ४ को दफा १० ले व्यवस्था गरेअनुसार दर्ता प्रमाणिकरणको प्रमाणपत्र प्रदान गरिएको छ।

बाल अधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधिनमा रही यस गाउँपालिकाको बालमैत्री अभियान तथा बाल अधिकार संरक्षण, सम्वर्धन र प्रवर्धन गर्ने अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत :

अनुसूची-५

## संस्था/बालक्लव/सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा

**निवेदन पत्रको ढाँचाको (नमुना)**

मिति : ........................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
लिम्चुङबुङ गाउँपालिकाको कार्यालय,
बाराहा, उदयपुर ।

**विषय : संस्था/बालक्लव/सञ्जाल नवीकरण गरी पाऊँ भन्ने सम्बन्धमा ।**

महोदय,

उदयपुर जिल्ला, लिम्चुङबुङ गाउँपालिका वडा नं. ..... स्थित ....................................... विद्यालय/समुदाय/सञ्जाल, लिम्चुङबुङ गाउँपालिका बालअधिकार संरक्षण तथा संम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७९ को परिच्छेद ४ को दफा १० ले व्यवस्था गरे बमोजिम मिति ..................... मा दर्ता सूचिकृत भै क्रियाशिल रहदै आएको छ । हाम्रो दर्ता/सूचीकृत नं. ....... रहेको छ । लिम्चुङबुङ गाउँपालिकाको बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि, २०७९ को परिच्छेद ४ दफा .......... ले गरेको व्यवस्था बमोजिम संस्था/बालक्लव/सञ्जालले वर्षभरि सम्पन्न गरेको मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण संस्था/बालक्लव/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदहरुको विवरण यसैसाथ संलग्न गरिएको छ ।

दस्तखत :
नाम :
पद :
सम्पर्क नं. :

**संस्था/बालक्लव/सञ्जाल नवीकरणका लागि संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. अनुसूची ५ अनुसारको निवेदन,
२. संस्था/बालक्लव/सञ्जालले वर्षभरि सम्पन्न गरेका मुख्य क्रियाकलापहरु,
३. संस्था/बालक्लव/सञ्जालको निर्णय
४. विद्यालयको हकमा विद्यालयको सिफारिस
५. वडाको सिफारिस,
६. कार्य समिति सदस्य हेरफेर भएको विवरण (यदि हेरफेर भएको छ भने)

## अनुसूची-६
## लिम्चुङबुङ गाउँपालिका
## उदयपुर, प्रदेश नं. १
## संस्था/बालक्लव/सञ्जाल सूचिकरणको दर्ता किताब (नमुना)

| क. सं. | संस्था/ब्रालक्लव/सञ्जालको नाम | ठेगाना | संस्था/बालक्लव/सञ्जालमा सदस्य संख्या | | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | अन्य | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूची-७
## लिम्चुङबुङ गाउँपालिका
## उदयपुर, प्रदेश नं. १
## संस्था/बालक्लव/सञ्जाल नविकरणको दर्ता किताब (नमुना)

| क. सं. | संस्था/बालक्लव/सञ्जालको नाम | ठेगाना | संस्था/बालक्लव/सञ्जालमा सदस्य संख्या | | | संरक्षकको नाम | स्थापना मिति | सूचिकृत नं. र मिति | सम्पर्क नं. | नविकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | अन्य (खुलाउने) | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**अनुसूची-८**
**लिम्चुङबुङ गाउँपालिका**
**उदयपुर, प्रदेश नं. १**
**लिम्चुङबुङ गाउँपालिका गाउँ बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा**
**लिम्चुङबुङ गाउँपालिका**
**गाउँ बाल अधिकार समिति**
**उजुरी फारामको ढाँचा (नमुना)**

मिति : ...............

१. विद्यार्थीको नाम/थर ....................................(आफूलाई नाम/थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)
२. कक्षा : ................................(आफुलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)
३. विद्यालयको नाम : .................................................
४. उमेर : ...........................
५. लिङ्ग : ....................
६ गुनासो तथा घटना : ..........................................................................................................
..................................................................................................................................................
..................................................................................................................................................
..........................................................................................................
७. घटना घटाउने व्यक्तिको नाम/थर
८. घटनाको प्रकृति : ...............................................................................................................
९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ? .................................................................
१०. घटना वा समस्या समाधानका सम्भावित उपायहरु के हुन सक्दछन् ?
..................................................................................................................................................
..................................................................................................................................................
..........

निवेदकको दस्तखत :

आज्ञाले
योगेन्द्र राज गुरुङ्ग
प्रमुख प्रशासकिय अधिकृत

अनुसुची ९
विशेष संरक्षण आवयश्यकता भएका बालबालिका
(१) अनाथ बालबालिका,
(२) अस्पतालमा बेवारिसे अवस्थामा छोडिएको बालबालिका,
(३) कुनै सार्वननिक स्थानमा बेवारिसे अवस्थामा छोडिएका बालबालिका,
(४) बेवारिसे फेला परेका बलाबालिका,
(५) बाबुआमाबाट अलग्गिएका बालबालिका,
(६) बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,
(७) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपांगता भएको